नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं. २५५

श्री स्थानीय तह (सबै)

मिति २०८१/१०/१५

नेपाल संवत ११४५

विषय: आवश्यक कागजात तथा प्रमाण पेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालयको च.नं. ३२४ मिति २०८१/१०/०९ को पत्रको छायाँप्रति थान २ यसै साथ संलग्न छ। अभौतिक सास्कृतिक सम्पदा ( सूचिकरण तथा व्यवस्थापन) कार्यविधि २०८१ को दफा ९ बमोजिम अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्न चाहने व्यक्ति, समुदाय वा संस्थाहरुले संस्कृतिक, पर्यटन तथा नागरिक उडडयन मन्त्रालयको मिति २०८१/१०/०६ गते प्रकाशित सूचनामा उल्लेखित व्यहोराका कागजात तथा प्रमाण संलग्न गरी मिति २०८२ बैशाख मसान्त भित्र संस्कृति, पर्यटन तथा नागरियक उडडयन मन्त्रालय, संस्कृति महाँशाखामा आवेदन पेश गर्न सहजिकरण गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

२०८१/१०/१५

(सुमन खड्का)

शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री सस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालय, सिंहदरवार काठमाडौ ।

श्री सूचना शाखा, यस मन्त्रालयको website मा upload गरि स्थानीय तहको email मा पठाई दिनुहुन

Scanned with CamScanner

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०८१/१०/०६

पत्र संख्याः-

च.नं.

ने.सः ११४५ पोहेलागा, ५ आइतवार

## अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्नका लागि आवेदन आव्हान सम्बन्धी सूचना।

अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा ९ बमोजिम अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्न चाहने व्यक्ति, समुदाय वा संस्थाले देहायका कागजात तथा प्रमाण संलग्न गरी यस मन्त्रालयको संस्कृति महाशाखामा २०८२ वैशाख मसान्तभित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। उपर्युक्तानुसारको कार्यविधि तथा अनुसूची फारमहरु मन्त्रालयको वेवसाईट https://www.tourism.gov.np बाट डाउनलोड गर्न सकिनेछ। रितपूर्वक पहिले प्राप्त हुन आएका आवेदनलाई प्राथमिकता दिई सूचीकरण प्रक्रियामा लगिने व्यहोरासमेत अनुरोध छ।

**आवश्यक कागजात तथा प्रमाणहरु:**

(क) कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा आवेदन,

(ख) अनुसूची २ बमोजिमको सम्पदाको विवरण सूची,

(ग) अनुसूची ४ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति, समूह वा समुदायको सहमति,

(घ) अनुसूची ३ बमोजिमको फोटो, अडियो तथा भिडियो,

(ङ) हालसम्मको पुस्तान्तरण सम्बन्धी आवश्यक विवरण,

(च) सम्बन्धित स्थानीय तहको सिफारिस,

(छ) स्थानीय तहमा सूचीकरण भएको भए सोको प्रमाण।

२०८१।१०।०६

(उपसचिव)

संस्कृति महाशाखा

विस्तृत जानकारीका लागि QR Code Scan गर्नुहुन अनुरोध छ।

फोन नं. ४२११८७९, ४२११८७०, ४२११६२० | इमेलः info@tourism.gov.np | वेवसाइटःwww.tourism.gov.np

Scanned with CamScanner

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं, नेपाल

(संस्कृति महाशाखा)

...ख्या:- ३२४

मिति: २०८१/१०/०९

ने.सः ११४५ पोहेलागा, ८ बुधवार

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार।

विषयः- <u>सहजीकरण सम्वन्धमा।</u>

यस मन्त्रालयको वेवसाइटमा प्रकाशित "अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्नका लागि आवेदन आव्हान सम्वन्धी सूचना" पाना एक यसै साथ संलग्न छ। उक्त सूचना सबै स्थानीय तहलाई उपलब्ध गराई दिने सहजीकरणका लागि यस मन्त्रालय (सचिवस्तर) को मिति २०८१/१०/०६ को निर्णयानुसार अनुरोध गर्दछु।

२०८१/१०/९

(सुभद्रा शर्मा गौतम)

शाखा अधिकृत

विस्तृत जानकारीका लागि QR Code Scan गर्नुहुन अनुरोध छ।

श्री दिपेश जी / प्रकाश जी

पत्राचार गर्नो।